## मुद्दा शाखासँग सम्बन्धित कार्य प्रक्रिया

*पछिल्लो पटक अद्यावधिक मितिः २०७६/०४/१२*

| क्र.सं. | कार्यहरु | आवश्यक कागजात/प्रक्रिया |
|---|---|---|
| ३.३.१ | जरुरी पक्राउ पूर्जी समर्थन तथा पक्राउ अनुमति | पक्राउ गर्ने प्रहरी वृत्तले बाटोको म्याद र सार्वजनिक विदा बाहेक २४ घण्टा भित्र थुनुवा सहित प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्ने । |
| ३.३.२ | म्याद थप | सम्बन्धित प्रहरी वृत्तले थुनुवा सहित प्रशासकीय अधिकृत समक्ष पेश गर्ने |
| ३.३.३ | मुद्दा दर्ता/ बयान/थुनछेक आदेश/म्याद जारी | १. प्रमुख जिल्ला अधिकारीको आदेशानुसार हुने ।<br>२. अभियोग पत्रसाथ प्रतिवादीलाई कार्यालय बन्द हुने समय भन्दा कम्तीमा डेढ घण्टा पहिले उपस्थित गराईएको हुनुपर्ने ।<br>३. फरार प्रतिवादीको ३ पुस्ते विवरण, स्पष्ट वतन र सम्पर्क नं. समेत अभियोग पत्रमा स्पष्ट खुलेको हुनुपर्ने । |
| ३.३.४ | म्याद तारेख तोक्ने/ प्रमाण मुकरर गर्ने/ पेशी तोक्ने | सम्बन्धित प्रतिवादी तारेखमा रहेको वा म्याद/तारेख गुजारेको वा थुनामा रहेको र अंग पुगेको हुने पर्ने । |
| ३.३.५ | तारेखमा बोलाउने/ तारेख थाम्ने | १. तारेख पर्चा/धरौटी जम्मा गरेको रसिद सहित तोकिएको दिन प्रतिवादी आफै उपस्थित हुने ।<br>२. पटक पटक वा एक पटक बढीमा १५ दिन तारेख थाम्न पाईने भएकोले सोको लागि रु १० को टिकट टाँस गरी तोकिएको ढाँचामा निवेदन दिनुपर्ने । |
| ३.३.६ | फैसला तयारी गर्ने | प्रमुख जिल्ला अधिकारीको आदेशानुसार हुने । |
| ३.३.७ | प्रमाणित प्रतिलिपी दिने | मिसिलमा संलग्न कागजात र निर्णय/फैसलाको प्रमाणित प्रतिलिपी लिनका लागि सरोकारवालाले तोकिएको ढाँचामा निवेदन र तोकिएको दरका टिकट टाँस गर्नु पर्नेछ । |
| ३.३.८ | सवारी दुर्घटनाका मृतकका हकदार/घाइतेलाई क्षतिपूर्ति, राहत, औषधीउपचार दिलाई भराई दिने । | १. दुर्घटना पुष्टि हुने मुचुल्का सहितका कागजातहरु (सम्बन्धित प्रहरीबाट) (घटना मुचुल्का, लाश बुझेको पत्र, मेडिकल प्रतिवेदन, मृतकको नागरिकता, मृत्युदर्ता प्रमाणपत्र, नजिकको हकदारको नागरिकता प्रमाणपत्र, नाता प्रमाणित र सम्बन्धित स्थानीय तहको सिफारिश) सहित सम्बन्धित व्यक्ति/हकदार स्वयं उपस्थित हुनुपर्ने ।<br>२. सवारी धनीका तर्फबाट सवारीधनी प्रमाणपत्र, विमा आलेख, अख्तियारनामा, रकम बुझाउनेको परिचयपत्र सहित सम्बन्धित व्यक्ति उपस्थित हुनु पर्ने । |

| | | |
|---|---|---|
| ३.३.९ | दण्ड जरिवाना असुल गर्ने | प्रमुख जिल्ला अधिकारीको आदेशानुसार हुने । |
| ३.३.१० | विगो भराउने दिलाउने | १. मुद्दा अन्तिम किनारा भएको वा पुनरावेदन अवधी नाघेको हुनुपर्ने<br>२. सम्बन्धित जाहेरवाला, घाइते उपस्थित भई नागरिकता प्रमाणपत्र वा पहिचान खुल्ने कागजात सहित (३ वर्ष भित्र) निवेदन दिनु पर्ने ।<br>३. प्रतिवादी फरार रहेको/ धरौटी जमानत नराखेको वा राखिएको धरौट जमानत न्यून रही ठहरेको विगो भराउन नसिकएको अवस्थामा विगो भराउन सम्बन्धित प्रतिवादीको नेपाल सरहद भित्रको जायजेथा देखाई दरखास्त दिनु पर्ने । |
| ३.३.११ | धरौटी फिर्ता | १. यस कार्यालयबाट भएको फैसलामा चित्त बुझी पुनरावेदन नगर्ने भए सोही व्यहोरा खुलेको धरौटी फिर्ताको निवेदन (रु १० को टिकट सहित) दिनुपर्ने ।<br>२. नेपाली नागरिकता प्रमाणपत्र वा परिय खुल्ने अन्य प्रमाण २ प्रति<br>३. NMB Bank को खाता नम्बर सहितको विवरण खुलेको निस्सा २ प्रति |
| ३.३.१२ | सदरस्याहा | प्रमुख जिल्ला अधिकारीको आदेशानुसार हुने । |